कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/९१/२०८२/०८३
मितिः २०८[illegible]/०६ गते बसेको बैठक

<u>निर्णय नं.(१)</u>

प्रस्ताव नं.(१) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिका बैठकको गणपूरक संख्या पूरा भएको हुँदा बैठक संचालन प्रकृया अघि बढाई अघिल्लो बैठकको निर्णयहरुको समीक्षा तथा बिश्लेषण गरियो।

<u>निर्णय नं.(२)</u>

प्रस्ताव नः (२) का सम्बन्धमा छलफल गर्दा नयाँ शैक्षिक सत्रमा कानेपोखरी गाउँपालिका अन्तर्गतका सम्पुर्ण विधालयहरु संचालन सन्बन्धमा दुविधा साथै अन्यौलताका कारण शैक्षिक गतिविधिहरुमा असर परिरहेकोले अविलम्व भर्ना अभियान सुचारु गरि पठनपाठन गर्ने व्यवस्था मिलाउने निर्णय सर्वसम्मतवाट पारित गरियो।

<u>निर्णय नं.(३)</u>

प्रस्ताव नं.(३) का सम्बन्धमा छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्राप्त पत्रानुसार प्राप्त मापदण्ड "गाउँपालिका तथा नगरपालिका र वडाको संख्या तथा सिमाना हेरफर, एक आपासमा गाभिने र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्वन्धी मापदण्ड,२०८३"को दफा "४" को उपदफा "१" मा रहेको अध्ययन समितिमा पालिकाको नगर प्रमुख र उपमेयर/अध्यक्ष र उपाध्यक्ष दुवै रहने गरी अध्ययन समिति परिमार्जन गर्न राय सुझाव पेश गर्ने निर्णय गरियो । साथै वडाहरुको सिमा निर्धारण गर्न पालिका स्तरीय समिति पनि आवश्यक रहेकोले समिति गठन गरिदिने सुझाव पेश गर्ने निर्णय सर्वसम्मतवाट पारित गरियो ।

राजमती इङ्नाम
अध्यक्ष

CS Scanned with CamScanner

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/९१/२०८२/०८३

## मितिः २०८३।०१।०६ गते बसेको बैठक

प्रस्तुत विषयमा कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको ९१ औं बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्नामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा छलफल गरियो।

बैठक बसेको समयः बिहान ८:०० बजे।

तपसिल

| प्रस्तावको विषय | प्रस्ताव नं. |
|---|---|
| अघिल्लो गाउँ कार्यपालिकाको बैठकको समीक्षा सम्वन्धमा। | १ |
| विद्यालय पठनपाठन सञ्चालन गर्ने सम्वन्धमा। | २ |
| "गाउँपालिका वा नगरपालिका आपसमा गाभिने पुनरावलोकन सम्बन्धी मापदण्ड,२०८३" राय/सुझाव पेश गर्ने सम्वन्धमा। | ३ |

गाउँपालिका
अध्यक्ष

उपरोक्त बमोजिमका प्रस्तावहरु कानेपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत् मिति २०८३।०१।०५ गते जानकारी भयो।

गाउँपालिका उपाध्यक्ष | १ नं. वडा अध्यक्ष | २ नं. वडा अध्यक्ष | ३ नं. वडा अध्यक्ष

४ नं. वडा अध्यक्ष | ५ नं. वडाध्यक्ष | ६ नं. वडा अध्यक्ष | ७ नं. वडा अध्यक्ष

गाउँ कार्यपालिकाका सदस्यहरु:

पदम कुमारी कार्की | साउनी माझी | सुशिला श्रेष्ठ | प्रमिला परियार

झपटुलाल राजवंशी | सुफल मुर्मु सतार | केशव दाहाल

Scanned with CamScanner